- आफ्ना साथीहरुलाई कठिनाई परेमा सहयोग गर्ने ।
- यौन दूर्व्यवहार, लगायत अन्य किसिमका शोषणबाट बच्न सचेत भएर लाग्ने र अरु साथीहरुलाई पनि सचेत पार्ने ।
- अनलाईनमार्फत हुन सक्ने हानिबाट टाढा रहने ।
- बालिकाहरुमा हुने यौन दुर्व्यवहार तथा अन्य प्रकारको दुर्व्यवहारहरुको प्रतिकार तथा प्रतिवाद गर्ने
- बालक्लबहरुमा बालिकाका सवालहरुमा छलफल गर्ने र आवश्यकता अनुसार आफ्ना सवालहरु शिक्षक, बिद्यालय, स्थानीय सरकारहरुमाझ पुऱ्याउने ।
- बालविवाह बिरुद्ध अभियान संचालन गर्ने ।
- बालिकाहरुमा कुनै गम्भिर समस्या परेमा आफ्ना बिस्वासिले व्यक्तिसंग शेयर गर्ने ।
- विद्यालय, समुदाय तथा प्रत्येक निकायका अधिकारीले बालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने
- बिद्यालयमा बालिकामैत्री सौचालयको व्यवस्था गर्नुपर्ने
- बिद्यालयमा बालिकाहरुको लागि सेनेटरी प्याडहरुको त्यसको डिस्पोज गर्ने ठाउँको समेत व्यवस्थागर्नुपर्ने
- विद्यालयमा बालिका बिरुद्ध कुनै किसिमको अनैतिक ब्यवहार भएमा बिद्यालय प्रशासनले कडाईका कार्वाबाही गर्नुपर्ने
- बालिका रहने वा सेवा प्रदान गर्ने सार्वजनिक र निजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालिकामैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

---

**प्रकाशन सहयोग:**

Interpedia

Ministry for Foreign Affairs of Finland

**विस्तृत जानकारीको लागी:**

**लू निभाः बाल सरोकार समूह, नेपाल**

पो.ब.नं. ८९७५ इपिसि २१२७ काठमाडौं

फोन : +९७७ ०१ ५५९२०५४

फ्याक्स : +९७७ ०१ ५५९१३२९

इमेल : info@loonivachild.org.np

वेब साईट : www.loonivachild.org.np




# बालिकाका लागि सुरक्षित, सहयोगी र समावेशी वातावरण



## बालिका अधिकार के हो ?

बालिका भन्नाले अठार वर्ष उमेर नपुगेको व्यक्ति /छोरी मान्छे हुन् ।

## बालिका अधिकार के हो ?

- बालिका अधिकार भनेको बालिकाका लागि प्राप्त हुने बिशेष अधिकार हो ।
- गर्भदेखि बालिका रहुन्जेल सम्म उपभोग गर्न पाउने सबै अधिकारहरु बालिका अधिकार भित्र पर्दछन ।
- बालिका अधिकार भित्र नाम र राष्ट्रियताको अधिकार, आमा-बुवासंग बसोबास गर्ने अधिकार, पारिवारिक पुर्नमिलनको अधिकार, बालिकाले विचार प्रकट गर्न पाउने अधिकार, शिक्षा, स्वास्थ्यको अधिकार आदि पर्दछन ।

## बालिका अधिकार किन ?

बालिकाहरु कलिलो उमेरका हुने हुँदा उनीहरुले आफ्नो हित र अहितको बिषयमा आफै निर्णय गर्न सक्दैनन् । निजहरुको हितको बिषयमा निर्णय गर्न राज्य तथा अभिभावकको महत्वपुर्ण भूमिका हुन्छ त्यसैले बालिकाको अधिकारकको सम्मान, संरक्षण, प्रवर्धन र आवश्यकता परिपूर्ति गरी बालिकाको सर्वोत्तम हित कायम गर्ने बालिका सम्बन्धि छुट्टै कानुन/अधिकारको आवश्यकता हुन्छ । सुरक्षित जन्म र समान पोषण तथा स्वास्थ्य, शिक्षामा समान अवसर, पहुँच र लैङ्गिक समानतापूर्ण व्यवहार, प्राविधिक शिक्षा, आर्थिक रोजगारीका अवसरहरूमा समान अवसर, खेलकुद लगायतका साहसिक क्षेत्रमा बालिकाहरू प्रतिको भेदभाव र असुरक्षा, बालिका तथा किशोरीहरूको सहभागिता तथा नेतृत्व विकास, यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवाको सहज पहुँच, लैंङ्गिक सामाजिक शक्ति संरचनाको रूपान्तरणका लागि बालिका अधिकारको आवश्यकता पर्दछ ।

## बालिका अधिकारका कानूनी व्यवस्था के के छन् ?

### १. नेपालको संविधानमा उल्लेखित व्यवस्थाहरू

धारा १८ ले लैंङ्गिक आधारमा भेदभाव नहुने, सामान्य कानूनको प्रयोगमा सबै नागरिक समान रहने, समान कामको समान ज्याला, पैतृक सम्पत्तिमा समान हक तथा विशेष आरक्षणको व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी धारा ३८ अन्तर्गत महिलाको हकमा (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ। संविधानको धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदुर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने व्यवस्था गरिएको छ। संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, उपधारा (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ। नेपालका विद्यमान कानूनमा रहेको लैङ्गिक विभेद हटाउन नेपाल सरकारले केही नेपाल संशोधन ऐन मार्फत विभिन्न कानूनहरूमा रहेका लैङ्गिक विभेदकारी शब्दावली र प्रावधानहरूलाई खारेज तथा संशोधन गरेको छ।

### २. नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूमा उल्लेखित व्यवस्था

नेपाल संयुक्त राष्ट्र संघबाट अनुमोदित ९ वटा अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूमध्ये ७ वटाको पक्ष राष्ट्र हो। ती मानव अधिकार महासन्धिहरूले बालिका र महिलाको समानता तथा अधिकारको पक्षमा राज्यको दायित्व रहने व्यवस्था गरेका छन्। संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ ले बालबालिकामाझ भेदभाव, हिंसा, शोषण र दुर्व्यवहारलाई अन्त्य गर्न राज्यको दायित्वको रूपमा व्यवस्था गरेको छ। त्यसैगरी शिक्षा, स्वास्थ्य र पोषण एवम् सहभागिताको अधिकारलाई सम्पूर्ण बालबालिकाको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ। संयुक्त राष्ट्र संघको महिलाविरुद्ध हुने सबै खाले भेदभाव निर्मूलन गर्ने महासन्धि (१९७९) ले महिला र बालिकालाई समाजका सबै क्षेत्रमा पुरुष र बालकसरह समान अधिकार प्रत्याभूत गरिनुपर्ने र कुनै पनि रूपमा महिला र बालिकाविरुद्धको भेदभाव गर्न नहुने कानूनी व्यवस्था गरेको छ। उक्त महासन्धिले बाल विवाहलाई कानूनतः निषेधित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गर्न राज्यले कानूनी व्यवस्थागरेको छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी (२००८) ले अपाङ्गता भएका बालिकाहरूले थप जोखिमता र भेदभाव भोग्नुपर्ने अवस्थालाई स्वीकार गर्दै राज्यले अपाङ्गता भएका महिला र बालिकाहरूलाई विशेष संरक्षणको व्यवस्था गर्न पर्ने प्रावधान रहेको छ।

### ३. बालिकाको सन्दर्भमा दिगो विकास लक्ष्य र नेपालको प्रतिवद्धता

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघको महासभाबाट पारित दिगो विकास लक्ष्य र कार्यक्रमहरू सन् २०३० सम्म सदस्य राष्ट्रहरूको विकासका नीति, कार्यक्रम तथा योजनाहरूका लागि मार्गदर्शक दस्तावेज हो। नेपालले पनि दिगो विकास लक्ष्य र यसका सूचकहरू बमोजिम आफ्नो राष्ट्रिय दिशानिर्देश तय गरिसकेको छ। यसलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालको प्रतिवद्धताको रूपमा लिन सकिन्छ। यस अनुसार बालिकाको अवस्थालाई सम्बोधन गर्ने नेपालको प्रतिवद्धताहरू निम्न रहेका छन्:-

- गरिबीमा रहेका सबै उमेरका महिलाको संख्या घटाएर सन् २०३० सम्ममा ५% मा झार्ने।
- लैङ्गिक समानता प्रवर्द्धन गर्न सरकारको बजेटको हिस्सा बढाउँदै लैजाने।
- कक्षा १ मा भर्ना भएका बालक र बालिका मध्ये कक्षा ८ मा र कक्षा १२ मा पुग्ने अनुपात बालकको तुलनामा बालिकाको कम रहेकोमा समान बनाउने।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा बालिकाहरूको सहभागिताको अनुपात बढाउने।
- प्राथमिक विद्यालयको लैङ्गिक समानताको अनुपात १.०२ रहेकोमा उक्त अवस्थामा सुधार गर्दै समान कायम गर्ने।
- लैङ्गिक भेदभावको अन्त गर्ने र विभेदपूर्ण नीति, योजना र कानूनहरूको अनुगमन तथा आवश्यक सुधार गर्नका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने।
- हाल विद्यमान रहेको महिला र पुरुषबीचको समान कामको ज्यालाको अनुपातमा समानता कायम गर्ने।
- महिला र बालिकाहरूको हाल भइरहेको बेचबिखनको समस्यालाई न्यूनीकरण गर्ने।

## बालिका अधिकार कसरी सुनिश्चित गर्न सकिन्छ ?

- सुरक्षित जन्म र समान पोषण र स्वास्थ्य सेवाको व्यवस्था
- शिक्षामा समान पहुँच तथा समान अवसर प्रदान
- बालिकाहरुको सहभागिता र नेतृत्व बिकास
- यौन तथा प्रजनन स्वास्थ्य शिक्षामा सहज पहुँच
- लैंगिक तथा सामाजिक शक्ति संरचनाको रुपान्तरणमुखी नीतिगत व्यवस्था
- बालिका बिरुद्ध गरिने अपराधिहरुबाट कडाईका कारवाही तथा मनासिव क्षतिपूर्तिको भराई
- बालबालिकाहरुलाई आफ्नो अधिकार सम्बन्धी अभिमुखीकरण, जानकारी तथा सचेतना बढाई
- बालिका समूहहरु मार्फत आफ्ना समस्या तथा सवालहरुको छलफल गर्ने वातावरण

## अभिभावक, बालकालिका, विद्यालय र समुदायले बालिका अधिकार सुनिश्चितताका लागि के गर्न सक्छन् ?

- बालिकाको हेरचाह, पालन पोषण र वृत्ति विकासमा अभिभावकहरुले ध्यान दिनुपर्ने
- बालिकालाई हेरचाह, पालन पोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायतका व्यक्तित्व विकासको आवसर उपलब्ध गराउनु पर्ने
- बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्ने
- आफ्ना साथीहरू/अन्य बालबालिकासँग भदे भावयुक्त व्यवहार नगर्ने